लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः१ मितिः२०८१/०१/१६

भाग-१

लेटाङ नगरपालिका

## वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७८ संशोधन गर्न बनेको ऐन, २०८०

## वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७८ संशोधन गर्न बनेको ऐन, २०८०

लेटाङ नगरपालिकाको क्षेत्र भित्र रहेको वनको सामुदायिक वन लगायत समुदायमा आधारित वन र निजी वनका माध्यमबाट दिगो व्यवस्थापन गरी वनमाथिको सामुदायिक तथा नीजि अधिकार सुनिश्चितता, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवम् वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सोबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड गर्दै दिगो विकास, आर्थिक समृद्धि र लैङ्गिक तथा सामाजिक न्याय हासिल गराउन वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७८ मा भएका व्यवस्थाहरू संशोधन गर्न नेपालको संविधानको धारा २२१ को अधिकार प्रयोग गरी धारा २२६ अनुसार लेटाङ नगरपालिकाको १४ औं नगर सभाले वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७८ लाई संशोधन गर्ने ऐन २०८० जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **सम्क्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम " वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७८ संशोधन गर्ने ऐन २०८०" रहेको छ।
२. यो ऐन सभाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

### परिच्छेद २

वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७८ मा संशोधन गरिएको वेहोरा

१. मूल ऐनको नामः वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७८
२. मूल ऐनको दफा १६ पछि देहायको व्यवस्था सहित १६ क  थप गर्ने (१) मा ऐन र प्रचलित ऐन अनुसार यस अघि दर्ता भएका चुरे क्षेत्रका सामुदायिक वनलाई समूहको आन्तरिक आयमा भएको संकुचनका कारण नियमित सञ्चालन नियमित सञ्चालन गर्न नसक्ने अवस्था भएको भनि सामुदायिक वनले नगरपालिकामा लेखी आएमा नगरपालिकाले सिफारिस समितिको सिफारिसका आधारमा कार्यपालिकाले तोकेबमोजिम अनुदान उपलव्ध गराउन सक्नेछ।

१६.क. (२)उपदफा (१) अनुसारको सामुदायिक वनको अवस्था अध्ययन र अनुदानको सिफारिस गर्न देहायको एक समिति नगर स्तरमा रहने छ।

क) नगर प्रमुख अध्यक्ष

लेटाङ नगरपालिका, मोरङ

ख) नगर उपप्रमुख सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत सदस्य

घ) वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक सदस्य

ङ) वन वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख सदस्य सचिव

१६.क. (३) समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

आज्ञाले,
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

लेटाङ नगरपालिका, मोरङ